# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०६।१० गते

## प्रेस विज्ञप्ति

### विषय: नियन्त्रणमा लिइएको ।

-----------------------------------------

सशस्त्र प्रहरी बल, बेश क्याम्प सेमरी, नवलपरासी(बर्दघाट सुस्ता पश्चिम)का सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञानेन्द्र मौर्यले व्यक्तिगत घरायसी प्रयोजनका लागि चाहिने सामान ओसार पोसारमा सहजिकरण गरिदिने भनी सेवाग्राहीसँग पटक पटक घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञानेन्द्र मौर्यलाई सेवाग्राहीसँग रू.७,०००/- (सात हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा प्रतापपुर गाउँपालिका वडा नं. २ स्थित नौलो किराना पसलबाट उक्त घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता